आज मिति २०८१ साल कार्तिक २६ गते सोमबार यस हेटौडा उपमहानगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री मिना कुमारी लामाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिम निर्णय गरियो ।

उपस्थिति

| सि. नं. | नाम थर | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री मिना कुमारी लामा | नगर प्रमुख | | |
| २ | श्री राजेश बानिया | नगर उपप्रमुख | | |
| ३ | श्री सविन न्यौपाने | वडा अध्यक्ष | १ | |
| ४ | श्री विष्णु गोपाल महर्जन | वडा अध्यक्ष | २ | |
| ५ | श्री ढलक बहादुर थापा | वडा अध्यक्ष | ३ | |
| ६ | श्री नविन सिग्देल | वडा अध्यक्ष | ४ | |
| ७ | श्री सुशील घिमिरे | वडा अध्यक्ष | ५ | |
| ८ | श्री विष्णु बहादुर दहाल | वडा अध्यक्ष | ६ | |
| ९ | श्री दामोदर गौतम | वडा अध्यक्ष | ७ | |
| १० | श्री राम कृष्ण थापा | वडा अध्यक्ष | ८ | |
| ११ | श्री सुकराम केसी | वडा अध्यक्ष | ९ | |
| १२ | श्री फूर्वा दोर्जे तमाङ्ग | वडा अध्यक्ष | १० | |
| १३ | श्री जुना दाहाल | वडा अध्यक्ष | ११ | |
| १४ | श्री ज्ञान बहादुर श्रेष्ठ | का.बा.वडा अध्यक्ष | १२ | |

| | | | | |
|---|---|---|---|---|
| १५ | श्री पेम्बा लामा | वडा अध्यक्ष | १३ | |
| १६ | श्री दिपक खड्का | वडा अध्यक्ष | १४ | |
| १७ | श्री सुनिल मुक्तान | वडा अध्यक्ष | १५ | |
| १८ | श्री रामकृष्ण कोइराला | वडा अध्यक्ष | १६ | |
| १९ | श्री उद्धब सत्याल | वडा अध्यक्ष | १७ | |
| २० | श्री अनिल कुमार बानिया | वडा अध्यक्ष | १८ | |
| २१ | श्री नरनाथ सुवेदी | वडा अध्यक्ष | १९ | |
| २२ | श्री अर्जुन बहादुर राई | कार्यपालिका सदस्य | | |
| २३ | श्री विर बहादुर विक | कार्यपालिका सदस्य | | |
| २४ | श्री शंकर राई | कार्यपालिका सदस्य | | |
| २५ | श्री पातली माया गोङ्वा | कार्यपालिका सदस्य | | |
| २६ | श्री रुक्मिणी गोङ्वा | कार्यपालिका सदस्य | | |
| २७ | श्री साधना श्रेष्ठ | कार्यपालिका सदस्य | | |
| २८ | श्री ईश्वरी विक | कार्यपालिका सदस्य | | |
| २९ | श्री मञ्जु भुर्तेल | कार्यपालिका सदस्य | | |
| ३० | श्री सूर्य प्रसाद गौतम | सदस्य सचिव | | |

निर्णयहरुः

१) प्रस्तावः प्रगति समिक्षा सम्बन्धमा।

निर्णयः अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षा गरियो ।

२) प्रस्तावः नियुक्ति तथा पदस्थापन सम्बन्धमा ।

निर्णयः प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश, हेटौंडा, मकवानपुरको च.नं. ६३ मिति २०८१।०७।०५ को पत्रानुसार यस उपमहानगरपालिकाको कार्यालयमा स्थानीय सेवा तर्फ सातौं तह (प्राविधिक), इन्जिनियरिङ सेवा, सिभिल समूह, इन्जिनियर पदमा नियुक्तिको लागि सिफारिस भई आउनु भएका देहाय बमोजिमका कर्मचारीलाई स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १७ को उपदफा (१) बमोजिम मिति २०८१।०७।०५ गते देखि जेष्ठता कायम हुने गरी स्थानीय सेवा तर्फ सातौं तह (प्राविधिक), इन्जिनियरिङ सेवा, सिभिल समूह, इन्जिनियर पदमा स्थायी नियुक्ति दिई पदस्थापन गर्नेः

देहायः

| सि.नं. | कर्मचारी नाम | सेवा | समूह | पद/तह | कैफियत |
|---|---|---|---|---|---|
| १ | सुमन ढकाल | इन्जिनियरिङ | सिभिल | इन्जिनिरय/ अधिकृत सातौं वा सो सरह | |
| २ | गौरब सापकोटा | इन्जिनियरिङ | सिभिल | इन्जिनिरय/ अधिकृत सातौं वा सो सरह | |
| ३ | शमसेर शाह | इन्जिनियरिङ | सिभिल | इन्जिनिरय/ अधिकृत सातौं वा सो सरह | |

३) प्रस्तावः कार्यक्रम सहयोग सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिका वडा नं. ७ स्थित नागस्वती भेट्रान्स क्लबले तेश्रो नागस्वती भेट्रान्स रनिङ्ग शिल्ड फुटबल प्रतियोगिता सञ्चालन गर्न सहयोग माग भई आएकोले हेटौंडा उपमहानगरपालिका विकास कार्यक्रम सहायता कार्यविधि, २०८० र अन्य प्रचलित कानून बमोजिम आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत सि.नं. ४२ पेज नं. १५१ मागमा आधारित खेलकुद सहयोग कार्यक्रम (राष्ट्रिय तथा अन्तराष्ट्रिय) शीर्षकबाट खर्च हुने गरी उक्त कार्य सञ्चालनार्थ रु. ५ लाख अनुदान सहयोग उपलब्ध गराउने ।

४) प्रस्तावः विस्तृत परियोजना प्रस्ताव (DPR) तयार गर्ने सम्बन्धमा ।

निर्णयः यस हेटौंडा उपमहानगरपालिका कार्यालय अन्तर्गत तपसिल बमोजिम आयोजनाहरुको विस्तृत परियोज़ना प्रस्ताव (DPR) तयार गरिदिनको लागि अनुरोध भई आएकोले चालु आर्थिक वर्ष २०८१/८२ को पूर्वाधार विकास महाशाखा अन्तर्गत अनुसन्धान तथा परामर्श सम्भाव्यता अध्ययन डिजाईन, ड्रईङ्ग र अनुसन्धान परामर्श सम्बन्धी खर्च शीर्षकबाट तपसिल बमोजिमको रकम विनियोजन गर्ने र यसलाई आगामी नगर सभावाट अनुमोदन गर्ने ।

| सि.नं. | आयोजनाको नाम | स्वीकृत रकम |
|---|---|---|
| १ | हेटौंडा ८ विन्ध्यावासिनि टोल देखि गर्दोई पुल जोडने पुल निर्माणको DPR तयार गर्ने । | ३००,०००.०० |
| २ | वनस्खण्डी सामुदायिक वन हेटौंडा,२ भित्र महाभारत पार्क निर्माणको लागि IEE भित्र तयारी | १००,०००.०० |
| ३ | हेटौंडा, वडा नं.१० वाईपास रोड पर्यटकिय नमुना सडक निर्माण तथा रासी पुल वाईपास हुदै त्रिवेणी धाम संगै वडा न ९,१०र ११ जोडने पुलको DPR | २००,०००.०० |
| ४ | हेटौंडा उ.म.न.पा.को मेट्रिक ठेगाना प्रणालीमा आधारित घर जडान गर्न लागत अनुमान, कार्यक्षेत्रगत शर्त (TOR) र DPR तयार गर्ने | ५,००,०००.०० |

प्रमाणीकरण गरियो !
दस्तखतः
नामः सूर्य प्रसाद गौतम
पदः प्रमुख प्रशासकीय अधिकृत
मितिः २०८१/०६/२८

५) प्रस्तावः उपमेयरसँग युवा कार्यक्रमको बजेट बाँडफाँड सम्बन्धमा ।

निर्णयः आ.व. २०८१/०८२ को स्वीकृत बार्षिक योजना तथा कार्यक्रमको सि.नं. २०, २१, २२, २३ र २४ मा उपमेयरसँग युवा कार्यक्रम (व्यवस्थापन तथा सामाजिक सुधारमा यूवा परिचालनको लागि युवा स्वयंसेवक तालिम, उपमेयर कप भलिवल प्रतियोगिता, सिकाई भ्रमण, आयोजना) शीर्षकमा विनियोजन गरिएको जम्मा रकम रु.५०,००,०००।- (पचास लाख रुपैया मात्र) बाट खर्च हुने गरी देहायबमोजिमका कार्यक्रमहरु सञ्चालन गर्नको लागि बजेट बाँडफाँट स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने:

देहाय

| क्र.सं. | कार्यक्रमको नाम | बजेट रकम | कैफियत |
|---|---|---|---|
| १ | यूवा विद्यार्थी (कक्षा ९-१२) लक्षित जनचेतना मूलक कार्यक्रम (लागू पदार्थ दुर्व्यसन न्यूनिकरण तथा सूचना प्रविधिको दुरूपयोग निरूत्साहनको लागि) | १००००००।- | बजेट किताबको पेज नं. १४८ सि.नं. २१ बाट खर्च हुनेगरी |
| २ | उपमेयर कप स्क्याम्बल खेल प्रतियोगिता आयोजना (माध्यमिक विद्यालय स्तरीय) | ३०००००।- | |
| ३ | विद्यालय शिक्षाको मुख्य विषयहरू(नेपाली, अंग्रेजी, गणित, सामाजिक, विज्ञान) शिक्षकको क्षमता अभिबृद्धि कार्यक्रम | ३०००००।- | |
| ४ | शिक्षक सामग्री (माइक सहितको स्पीकर शिक्षकको लागि)खरिद | १०००००।- | |
| ५ | अवलोकन भ्रमण कार्यक्रम (नगर खेलकुद विकास समिति पदाधिकारी र कर्मचारी ) | ३०००००।- | |
| ६ | उपमेयर कप खुल्ला ब्याडमिन्टन प्रतियोगिता आयोजना | ३०००००।- | बजेट किताबको पेज नं. १४८ सि.नं. २२ बाट खर्च हुनेगरी |
| ७ | लिग च्याम्पियन टिमको लागि थप प्रतियोगिता सहभागीता प्रोत्साहन सहकार्य | ३०००००।- | बजेट किताबको पेज नं. १४८ सि.नं. २३ बाट खर्च हुनेगरी |
| ८ | नवप्रवर्तन प्रोत्साहन कार्यक्रम सहकार्य | ३०००००।- | बजेट किताबको पेज नं. १४८ सि.नं. २० र २३ बाट खर्च हुनेगरी |
| ९ | क्रिकेट प्रतियोगिता आयोजना | ४०००००।- | |
| १० | अनुपम घलान स्मृती (Under-14) नगर स्तरीय फुटवल प्रतियोगिता आयोजना | ७०००००।- | बजेट किताबको पेज नं. १४९ सि.नं. २४ बाट खर्च हुनेगरी |
| ११ | उपमेयर कप भलिवल प्रतियोगिता आयोजना | ५०००००।- | |
| १२ | ओपन जिम सामग्री खरिद | ५०००००।- | |
| | जम्मा | ५००००००।- | |

६) प्रस्तावः कानून स्वीकृत तथा सैद्धान्तिक सहमति सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिकालाई आवश्यक रहेका देहाय बमोजिमका कानून स्वीकृत गर्ने र कानून मस्यौदा तयार गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने:

(क) हेटौंडा उपमहानगरपालिका उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०८१,

(ख) हेटौंडा उपमहानगरपालिका शिक्षा ऐन, २०७४ को संशोधन गर्न सैद्धान्तिक सहमति ।

प्रमाणीकरण गरियो ।
दस्तखत: ..........
नाम: सूर्य प्रसाद गौतम
पद: प्रमुख प्रशासकीय अधिकृत
मिति: २०८१।०६।२६

७) प्रस्तावः समिति गठन सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिकाको अधिकार क्षेत्रभित्र रहेका २१३ वटा सहकारी संस्था मध्ये केही सहकारी संस्थाहरुमा समस्या सृजना भएको हुँदा त्यस्ता समस्याग्रस्त सहकारीको समस्या पहिचान र समस्याको समाधान सहितको सिफारिस गर्न आर्थिक विकास समितिको मिति २०८१।०७।१२ गतेको निर्णयानुसार तपसिल बमोजिमको सिफारिस समिति गठन गर्नेः

| | |
|---|---|
| (क) संयोजक | नवराज न्यौपाने, नगरसभा सदस्य |
| (ख) सदस्य | रञ्जु गोङ्वा, नगरसभा सदस्य |
| (ग) सदस्य | गोरखनाथ राय, नगरसभा सदस्य |
| (घ) सदस्य | सत्यदेवी अधिकारी, आर्थिक विकास महाशाखा प्रमुख |
| (ङ) सदस्य, सचिव | हिम प्रसाद पौडेल, सहकारी शाखा प्रमुख |

८) प्रस्तावः योजना स्वीकृती सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिका अन्तर्गत तपसिल वमोजिमको वडाहरुवाट योजनाहरु माग भई आएकोमा चालु आर्थिक वर्ष २०८१/८२ को मर्मत संभार कोष शीर्षक र स्वास्थ्य संस्था मर्मत सम्भार शीर्षकबाट तपसिल वमोजिम रकम विनियोजन गर्ने र यसलाई आगामी नगर सभावाट अनुमोदन गर्ने ।

तपसिल

| सि.नं. | आयोजनाको नाम | स्वीकृत रकम | वजेट शिर्षक | खर्च शिर्षक |
|---|---|---|---|---|
| १ | वडाको विभिन्न सडक मर्मत हेटौडा १८ | १०,००,०००.०० | मर्मत संभार कोष | ३११५१ |
| २ | सशस्त्र प्रहरी वल नेपाल मद्दती तथा सेवा गुल्मको सुरक्षा पोष्ट तथा मेश मर्मत हेटौडा,८ मकवानपुर | ३,००,०००.०० | मर्मत संभार कोष | ३११५९ |
| ३ | श्रृजनशिल वौध्द अनाथ आधारभुत विधालय भवन मर्मत हेटौडा,१९ | ९५५९९.६३ | सामुदायिक विद्यालयको भौतिक सुदृढीकरण कार्यक्रम | ३११५९ |
| ४ | जम्वु चौतारा टोल विकास संस्था अन्तर्गत जम्वु चौतारा हुदै वौराटार जाने वाटोमा विधुतको पोल स्थानान्तरण गर्ने कार्य हेटौडा,०३ | २१६८०.०६ | मर्मत संभार कोष | ३११५९ |
| ५ | मेनरोड वाट सात तल्ले सम्म जाने वाटो स्लवा ढलान कार्य हेटौडा,१६ | १५,००,०००.०० | मर्मत संभार कोष | ३११५१ |
| ६ | आग्राली टोल अन्तर्गत शव अन्त्येष्टी स्थलमा शौचालय निर्माण हेटौडा,१६ | ३०००००.०० | मर्मत संभार कोष | ३११५९ |
| ७ | लेखपानी टोल विकास संस्था अन्तर्गत कैलाश लामाको घर देखी हरियो गोदाम सम्म सरस्वती खोलामा रिटेनिंग वाल निर्माण हेटौडा,३ | १०,००,०००.०० | मर्मत संभार कोष | ३११५९ |
| ८ | नागस्वती पार्क निर्माण,हेटौडा,७ | ३००,०००.०० | मर्मत संभार कोष | ३११५९ |
| ९ | वडा कार्यालय नजिक पार्क निर्माण, हेटौडा,७ | ३००,०००.०० | मर्मत संभार कोष | ३११५९ |
| १० | पिस पार्क निर्माण हेटौडा,१५ | ८,००,०००.०० | मर्मत संभार कोष | ३११५९ |
| ११ | वुध्द चोक खेल मैदान मर्मत संभार हेटौडा १३ | ५००,०००.०० | मर्मत संभार कोष | ३११५९ |
| १२ | सफल टोल विकास संस्था कर्रा दुर्गा सडकको भित्री सडक स्लाव ढलान हेटौडा,१० | ५,००,०००.०० | मर्मत संभार कोष | ३११५१ |

प्रमाणीकरण गरियो !
दस्तखत: ..................
नाम: सूर्य प्रसाद गौतम
पद: प्रमुख प्रशासकीय अधिकृत
मिति: २०८१।०६।२९

| | | | | |
|---|---|---|---|---|
| १३ | सिमलथली डुमारे वाटो मर्मत हेटौंडा,१९ | १०,००,०००.०० | मर्मत संभार कोष | ३११५१ |
| १४ | राजदेवी गुवावारी वलराम अधिकारीको घर जाने वाटो मर्मत सम्भार हेटौंडा,१७ | १०,००,०००.०० | मर्मत संभार कोष | ३११५१ |
| १५ | साजवोटे वुंगे खोला सडक मर्मत हेटौंडा,१७ | १०,००,०००.०० | मर्मत संभार कोष | ३११५१ |
| १६ | कालिका मन्दिर ट्रस निर्माण ( खोरांग टोल) हेटौंडा,१२ | ४,००,०००.०० | (सामाजिक विकास महाशाखा) धार्मिक संस्था पुर्वाधार निर्माण | ३११५९ |
| १७ | पांचकन्या माताको मन्दिर मर्मत हेटौंडा,१३ | ४,००,०००.०० | (सामाजिक विकास महाशाखा) धार्मिक संस्था पुर्वाधार निर्माण | ३११५९ |
| १८ | राईटोल विकास संस्था अर्न्तगत किरातेश्वर मन्दिर निर्माण हेटौंडा,०३ | ३००,०००.०० | (सामाजिक विकास महाशाखा) धार्मिक संस्था पुर्वाधार निर्माण | ३११५९ |
| १८ | गौरवटोल विकास संस्था अन्तर्गत डिग्पा छोईलिंग गुम्वा निर्माण हेटौंडा,१३ | ३००,०००.०० | (सामाजिक विकास महाशाखा) धार्मिक संस्था पुर्वाधार निर्माण | ३११५९ |
| १९ | जिम सामाग्री हेटौंडा ,९ | १०,००,०००.०० | शिक्षा महाशाखा तर्फ खेल सामाग्री सहयोग | २२३१३ |
| २० | शौचालय निर्माण, गोरक्षनाथ मा.वि., हेटौंडा-१८ | १२,००,०००.०० | सामुदायिक विद्यालयको भौतिक सुदृढीकरण कार्यक्रम | ३११५९ |
| २१ | बासस्थान निर्माण, पदम खड्का, हेटौंडा-५ | ४,००,०००.०० | मर्मत सम्भार कोष | ३११५९ |
| २२ | पर्खाल निर्माण, अस्मिना उप्रेती हेटौंडा-११ | २,५०,०००.०० | मर्मत सम्भार कोष | ३११५९ |
| २३ | मनकामना चोक देखि नगरपालिका रोड हुँदै लोकप्रिय चोक सम्म सडक बत्ती जडान गर्ने कार्य हेटौंडा-२ | १०,००,०००.०० | उज्यालो हेटौंडा कार्यक्रम | ३११५३ |
| २४ | सवारी साधन मर्मत सम्भार स्थल निर्माण हे.उ.म.न.पा. | १०,००,०००।०० | कार्यालय सञ्चालन तथा प्रशासनिक (सि.नं. १७५ विविध कार्यक्रम पूँजीगत) | ३११५९ |

प्रमाणीकरण गरियो ।
दस्तखतः ............
नामः सूर्य प्रसाद गौतम
पदः प्रमुख प्रशासकीय अधिकृत
मितिः २०७९।०६।२६

९) प्रस्तावः बजेट स्रोत तथा खर्च शीर्षक संशोधन सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिकाको चालु आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रमहरु तोकिएकै समयमा कार्यान्वयन भएता पनि स्रोतको अभावले भुक्तानी दिन नसकिएको हुँदा चालु आर्थिक वर्षको बजेट पारित हुँदा तपसिल बमोजिमको कार्यक्रम र खर्च शीर्षकहरुमा तत्काल भुक्तानी दिनु पर्ने तथा खर्च शीर्षक फरक पर्न गएकोले स्रोतान्तर गरी खर्च शीर्षक परिमार्जन गर्ने र यसलाई आगामी नगर सभावाट अनुमोदन गर्ने ।

तपसिल

| हालको योजना तथा कार्यक्रमको नाम | | | | | | परिवर्तित योजना तथा कार्यक्रमको नाम | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | उपक्षेत्र | खर्च शीर्षक | श्रोत | बजेट रकम | क.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | उपक्षेत्र | खर्च शीर्षक | श्रोत | बजेट रकम |
| 1 | विविध खर्च (राजस्व शाखा) | कार्यालय सन्चालन तथा प्रशासनिक | 22711 | राजस्व बाडफाँड प्रदेश सरकार | 168,852.00 | 1 | अतिरिक्त समय भत्ता (राजस्व शाखा) | कार्यालय सन्चालन तथा प्रशासनिक | 21139 | राजस्व बाडफाँड प्रदेश सरकार | 168,852.00 |
| २ | हेटौंडा अस्पताल तथा व्यवस्थापन समिति हेटौंडा,१ ( मदन भण्डारी स्वास्थ विज्ञान प्रतिष्ठान)-क्रमागत | भवन, आवास तथा सहरी विकास | 31159 | आन्तरिक श्रोत - नगद | 5,500,000.00 | २ | हेटौंडा अस्पताल तथा व्यवस्थापन समिति हेटौंडा,१ ( मदन भण्डारी स्वास्थ विज्ञान प्रतिष्ठान)-क्रमागत | भवन, आवास तथा सहरी विकास | 31159 | आन्तरिक श्रोत - नगद | 4,178,000.00 |
| | | | | | | 3 | बासुदेव मार्ग सडक स्तरउन्नती | यातायात पुर्वाधार | 31151 | आन्तरिक श्रोत - नगद | 1,322,000.00 |
| 3 | बासुदेव मार्ग सडक स्तरउन्नती | यातायात पुर्वाधार | 31159 | राजस्व बाडफाँड-स्थानिय नगद | 1,322,000.00 | ४ | हेटौंडा अस्पताल तथा व्यवस्थापन समिति हेटौंडा,१ ( मदन भण्डारी स्वास्थ विज्ञान प्रतिष्ठान)-क्रमागत | भवन, आवास तथा सहरी विकास | 31159 | राजस्व बाडफाँड-स्थानिय नगद | 1,322,000.00 |
| ४ | मदन आश्रित भवन निर्माण | भवन, आवास तथा सहरी विकास | 32159 | नेपाल सरकार समानिकरण | 188,750.00 | ५ | मदन आश्रित भवन निर्माण | भवन, आवास तथा सहरी विकास | 31159 | नेपाल सरकार समानिकरण | 188,750.00 |

९) प्रस्तावः प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत योजना स्वीकृत सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिका अन्तर्गत तपसिल वमोजिमको वडाहरुवाट प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यान्वयन गर्ने गरी योजनाहरु माग भई आएकोमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनका सम्बन्धमा गठित स्थानीय निर्देशक समितिको मिति २०८१।०७।१४ गतेको बैठकको निर्णयले चालु आर्थिक वर्ष २०८१/८२ मा कार्यान्वयन गर्ने गरी सिफारिस गरेका आन्तरिक श्रोत र नेपाल सरकारको सशर्त अनुदानबाट सञ्चालन हुने हुँदा ती योजनाहरुमा तपसिल वमोजिम रकम विनियोजन गर्ने र यसलाई आगामी नगर सभावाट अनुमोदन गर्ने ।

प्रमाणीकरण गरियो ।
दस्तखत:
नाम: सूर्य प्रसाद गौतम
पद: प्रमुख प्रशासकीय अधिकृत
मिति: २०८१।०८।

तपसिल

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०८१/०८२ मा सञ्चालन गरिने योजनाहरुः

| सि.नं. | वडा नं. | योजनाको नाम | अनुमानित बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | १, २, ४, १० | बजार क्षेत्र तथा वडाबाट माग भएको क्षेतहरुमा कर्भस्टोनमा तथा वालमा रङ्गरोगन, सरसफाई सँगै ,गोरेटो बाटो निर्माण | ५,००,०००।०० | हे.उ.म.न.पा.को आन्तरिक बजेट वार्षिक स्वीकृत कार्यक्रमको कितबाबाट नमुना रोजगार कार्यक्रम, सामाग्री खरिद खर्च शीर्षक २२५२२ |
| २ | १८ | फुर्केचौर स्थित गोरक्षताल पैदलमार्ग निर्माण हर्नाफाँट कुलो मर्मत तथा सरसफाई र गुम्बाडाँडा क्षेत्रमा फुलबारी पार्क निर्माण | ६,००,०००।०० | हे.उ.म.न.पा.को वार्षिक स्वीकृत कार्यक्रमको किताबमा पाना नं. १३९ र १४० खर्च शीर्षक २२५२२ मा क्रियाकलाप प्रधानमन्त्री रोजगार कार्यक्रम आयोजनामा साझेदारीबाट आवश्यक सामाग्री खरीद |
| ३ | १४ | उत्तरपानी क्षेत्रमा तथा वडाका विभिन्न ठाउँमा नयाँ ट्र्याक तथा गोरेटो बाटो निर्माण, बदेलधाप क्षेत्रमा खेल मैदान मर्मत खाल्टाखुल्टी पुर्ने र मन्दिर परिसरमा पाईपलाइन विस्तार तथा स्कुल अगाडि पार्क निर्माण | ८,००,०००।०० | |
| ४ | ५ | क्याम्पा रंगशालामा रंग रोगन कार्य | १,६५,०००।०० | |
| ५ | ७ | खानेपानी पाइपलाइन विस्तार गर्ने, बेलिब्रिज र विभिन्न सडकहरुमा कर्भस्टोन र मठ मन्दिर रंग गर्ने र राजकुलो निर्माण तथा मर्मत | ३,००,०००।०० | |
| ६ | १६ | शक्तिखोला तथा आकाशधारा क्षेत्र स्थित तटबन्धन निर्माण कार्य | ७,००,०००।०० | |
| ७ | १९ | बाँसघारी बुद्धचोक सिंचाई र तल्लो तथा माथिल्लो ज्यामिरेमा रहेको कुलो मर्मत, सम्भार तथा स्तरोन्नती | ५,००,०००।०० | |
| ८ | ८ | मनकामना, कर्णावती र कालिका मन्दिर वरपर क्षेत्रमा नाला सरसफाई र वरपरका क्षेत्र मर्मत | २,००,०००।०० | |
| ९ | | कार्य स्थलमा आधारित सीप श्रमिक प्रशिक्षार्थीलाई ज्याला (४० जनालाई पचास दिन) | १४,०८,०००।०० | Road Repair and Training |

प्रमाणीकरण गरियो !
दस्तखत: ...
नाम: सूर्य प्रसाद गौतम
पद: प्रमुख प्रशासकीय अधिकृत
मिति: २०८१/०८/२६

११) प्रस्तावः निजी जग्गाबाट ढुङ्गा उत्खनन् गर्न अनुमति दिने सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिका वडा नं. १९ वस्तीपुरमा स्थायी बसोबास गर्ने श्री गंग प्रसाद उप्रेती, पदमराज उप्रेती र बुद्धिराज उप्रेतीको नाममा दर्ता हकभोग रहेको गंगा प्रसाद उप्रेतीको नामको वासुदेव टोलको क्रमशः कि.नं. १३१३ को क्षेत्रफल ०-२-१९.७५, पदमप्रसाद उप्रेतीको नामको सोही टोलको कि.नं. १३१५ को क्षेत्रफल ०-२-१९.७५ र बुद्धिराज उप्रेतीको नामको कि.नं. १३१६ को क्षेत्रफल ०-२-१९.७५ जग्गामा भएका ठुला ढुङ्गाहरु उत्खनन् गर्न माग भए बमोजिम हेटौंडा उपमहानगरपालिकाबाट जारी भएको हेटौंडा उपमहानगरपालिका नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७७ को दफा १५ को उपदफा (२) बमोजिम गठित प्राविधिक समितिको प्रतिवेदन र प्राविधिकबाट भएको मूल्याङ्कनको आधारमा उत्खनन् गरिने परिमाणको लाग्ने राजस्व रकम कार्यालयमा जम्मा गर्न लगाई प्राविधिकले पेश गरेको परिमाण बराबरको ढुङ्गा उत्खनन् गर्न हेटौंडा उपमहानगरपालिका नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम अनुमति दिने ।

१२) प्रस्तावः विस्तृत परियोजना प्रस्ताव (DPR) तयार गर्ने सम्बन्धमा ।

निर्णयः यस हेटौंडा उपमहानगरपालिका कार्यालय अन्तर्गत तपसिल बमोजिम आयोजनाहरुको विस्तृत परियोजना प्रस्ताव (DPR) तयार गरिदिनको लागि अनुरोध भई आएकोले चालु आर्थिक वर्ष २०८१/८२ को पूर्वाधार विकास महाशाखा अन्तर्गत अनुसन्धान तथा परामर्श सम्भाव्यता अध्ययन डिजाईन, ड्रईङ्ग र अनुसन्धान परामर्श सम्बन्धी खर्च शीर्षकबाट तपसिल बमोजिमको रकम विनियोजन गर्ने र यसलाई आगामी नगर सभावाट अनुमोदन गर्नेः

| सि.नं. | आयोजनाको नाम | स्वीकृत रकम |
|---|---|---|
| १ | हेटौडा ८ विन्ध्यावासिनि टोल देखि गर्दोई पुल जोडने पुल निर्माणको DPR तयार गर्ने | ६००,०००.०० |
| २ | वनस्खण्डी सामुदायिक वन हेटौडा,२ भित्र महाभारत पार्क निर्माणको लागि IEE भित्र तयारी | १००,०००.०० |
| ३ | हेटौंडा उ.म.न.पा.को मेट्रिक ठेगाना प्रणालीमा आधारित घर जडान गर्न लागत अनुमान, कार्यक्षेत्रगत शर्त (TOR) तयार गर्ने | ५,००,०००.०० |

१३) प्रस्तावः बजेट सुनिश्चितता सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका योजनाहरुमा तपसिल बमोजिमको नपुग बजेट आगामी नगरसभाबाट सुनिश्चित गरी बहुवर्षीय ठेक्काको रुपमा स्वीकृत लागत अनुमान अनुसार बोलपत्र आह्वान गर्नेः

<u>तपसिल</u>

| सि.नं. | योजनाको नाम | लागत अनुमान रकम रु. | नपुग रकम | कैफियत |
|---|---|---|---|---|
| १ | पदमपोखरी मुख्य सडक विस्तार, हेटौंडा-१३ | ७,००,१३,२५०।३९ | १,५०,००,०००।०० | |
| २ | वडा नं.१ स्थित स्वर्गलोक सडक स्तरोन्नती | १,७३,७४,४७६।३२ | १,२३,७४,४७६।३२ | |
| ३ | वडा नं.४ सडक स्तरोन्नती (वडा प्रहरी कार्यालय हुँदै क्वीक ट्वान्टी जाने बाटो) | १,४८,३१,८३५।२३ | १,२८,३१,८३५।२३ | |

प्रमाणीकरण गरियो !
दस्तखतः ...........
नामः सूर्य प्रसाद गौतम
पदः प्रमुख प्रशासकीय अधिकृत
मितिः २०८१/०६/२६

१४) प्रस्तावः कार्य सञ्चालन निर्देशिकाको व्याख्या सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिका कार्य सञ्चालन निर्देशिका, २०८० को दफा ३७ बमोजिम निर्देशिकाको अन्तिम व्याख्या गर्ने अधिकार नगर कार्यपालिकामा निहित रहेको हुँदा उक्त निर्देशिकाको दफा २७ बमोजिम भए गरेका काम कारबाहीहरुबाट भएको खर्च स्वीकृत गर्न निर्देशिकाको अन्य व्यवस्थाले बाधा पुऱ्याएको मानिनेछैन साथै हेटौंडा उपमहानगरपालिका क्षेत्रभन्दा बाहिर अध्ययन अवलोकन भ्रमण गर्दा भएको खर्चको भुक्तानी पेश भएको विल भर्पाई अनुसार गर्ने।

१५) प्रस्तावः प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

निर्णयः सडक बोर्ड नेपालको च.नं. ४४० मिति २०८१/०६/१३ को पत्रानुसार आर्थिक वर्ष २०८१/०८२ को लागि सडक बोर्ड नेपालबाट यस उपमहानगरपालिकाको लागि स्वीकृत भएको रकम रु.८१ लाख र हेटौंडा उपमहानगरपालिकाबाट सडक बोर्ड नेपालसँगको सहकार्यमा योजना कार्यान्वयन गर्ने गरी स्वीकृत भएको रकमबाट यस उपमहानगरपालिका क्षेत्रमा तपसिल बमोजिमका योजना कार्यान्वयन गर्ने गरी सडक बोर्ड नेपाल समक्ष प्रस्ताव पेश गर्ने:

तपसिल

| सि.नं. | योजनाको नाम | कैफियत |
|---|---|---|
| १ | बुद्ध पथ सडक मर्मत सम्भार कार्य, हेटौंडा-४ | |

१६) प्रस्तावः कार्यक्रम स्वीकृत सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिकाको चालू आर्थिक वर्ष २०८१/०८२ मा स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत वार्षिक कार्यक्रम पुस्तिकाको पेज नं. ७५ सि.नं. १२५ उपक्षेत्र कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च शीर्षक नं. २२५२९ मा विविध कार्यक्रम खर्च चालु शीर्षकमा विनियोजित बजेट रु.१० लाखबाट तपसिल बमोजिमको कार्यक्रमहरु स्वीकृत गरी कार्यान्वयन गर्ने:

तपसिल

| सि.नं. | कार्यक्रमको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | गैर सरकारी संस्थाको विवरण संकलन (हे.उ.म.न.पा.सँग आवद्ध भएका र नभएका) र तीनको कार्यबाट उपमहानगरपालिकामा परेको प्रभावको अध्ययन अवलोकन र सुझाव सहितको प्रतिवेदन प्राप्त गर्ने | ३,००,०००।०० | |
| २ | होमस्टे स्थापना तथा व्यवस्थापन हेटौंडा-सम्भाव्यता अध्ययन | २,००,०००।०० | थप बजेट |
| ३ | अनुदान कार्यक्रमहरुको प्रभावकारिता अध्ययन (साना, मझौला र ठुला १२-१५ योजनाहरु) | २,००,०००।०० | थप बजेट |
| ४ | मेयर-विपन्न उत्थान सबलीकरण एकीकृत कार्यक्रम हेटौंडा सम्भाव्यता अध्ययन (१२-१५ वडा टोलहरुको) | २,००,०००।०० | थप बजेट |

प्रमाणीकरण गरियो !
दस्तखतः
नामः सूर्य प्रसाद गौतम
पदः प्रमुख प्रशासकीय अधिकृत
मितिः २०८१/०६/२६

१७) प्रस्तावः सामुदायिक विद्यालयको लेखा परीक्षण सम्बन्धमा ।

निर्णय(क): हेटौंडा उपमहानगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको आ.व. २०८०/०८१ को लेखा परीक्षण गर्नको लागि लेखा परीक्षक सिफारिस गर्न दहायबमोजिमको समिति गठन गर्ने:

१) संयोजक: प्रमुख प्रशासकीय अधिकृत

२) सदस्य: प्रमुख, प्रशासन महाशाखा

३) सदस्यः बरिष्ठ लेखा अधिकृत

४) सदस्य: प्रमुख, शिक्षा विकास महाशाखा

५) सदस्य सचिवः शिक्षा अधिकृत, शिक्षा विकास महाशाखा

निर्णय(ख): लेखा परीक्षकको सुविधा सम्बन्धमा विद्यालयलाई देहाय बमोजिमको निर्देशन दिने:

(१) लेखा परीक्षण गरेबापत सम्बन्धित विद्यालयबाट भुक्तानी सुरु रु.२५ लाखसम्मको कारोबारमा रु.५,०००।०० र त्यसपछिको प्रत्येक ५ लाखको कारोबारमा थप रु.१०००।०० का दरले नियमानुसार करकट्टी गरी लेखा परीक्षण पारिश्रमिक सम्बन्धित विद्यालयले दिनु पर्नेछ।

(२) लेखापरीक्षकले लेखा परीक्षण कार्य सम्पन्न गरेपश्चात लेखा परीक्षण प्रतिवेदन शिक्षा विकास महाशाखामा बुझाउनुपर्नेछ । लेखा परीक्षण प्रतिवेदन शिक्षा विकास महाशाखाले प्राप्त गरे पछि तोकिए बमोजिमको पारिश्रमिक लेखा परीक्षकलाई भुक्तानी दिन सम्बन्धित विद्यालयलाई सिफारिस गर्नेछ ।

(३) शिक्षा विकास महाशाखाको सिफारिस पश्चात लेखा परीक्षकको तोकिएको रकम विद्यालयले बैंकिङ प्रणाली मार्फत लेखा परीक्षकलाई भुक्तानी दिनुपर्नेछ ।

(४) लेखापरीक्षकले शिक्षा विकास महाशाखाले सिफारिस गरेको रकम भन्दा बढी रकम माग गरेमा सम्बन्धित विद्यालयले उपमहानगरपालिकामा जानकारी गराउनुपर्नेछ । लेखा परीक्षकले थप माग गरेको विषय प्रमाणित भएमा छनौट समितिले त्यस्तो लेखा परीक्षकलाई आवश्यक कारवाही गर्न सक्नेछ ।

१८) प्रस्तावः जनशक्ति परिचालन सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिकाको आर्थिक वर्ष २०८१/८२ मा आन्तरिक राजस्व संकलन गर्नका लागि नदिजन्य पदार्थको अनुगमन तथा जरिवाना शुल्क उठाउने समेत प्रयोजनका लागि हेटौंडा उपमहानगरपालिकाको स्वीकृत संगठन संरचना बमोजिम अर्को आदेश वा व्यवस्था नभएसम्मका लागि चालू आर्थिक वर्षमा बढीमा २० (बीस) जनासम्म जनशक्ति दैनिक ज्यालादारीमा व्यवस्थापन गर्ने मिति २०८१।०६।२९ गतेको नगर कार्यपालिका बैठकबाट निर्णय भई कर संकलकका रुपमा राजस्व व्यवस्थापन शाखाबाट पेश भएको संलग्न बमोजिमको नामावली अनुमोद गर्ने । साथै उक्त जनशक्तिबाट मात्रै तोकिएको जिम्मेवारी पूरा गर्न सम्भव हुने नदेखिएको हुँदा राजस्व व्यवस्थापन शाखाबाट जनशक्ति थप गर्ने माग भई आए बमोजिम विगत समेत गरी कुल संख्या ३६ (छत्तिस) लाई नियमानुसारको सेवा सुविधा पाउने गरी दैनिक ज्यालादारीमा कामकाजमा लगाउने ।

प्रमाणीकरण गरियो !
दस्तखत: ............
नाम: सूर्य प्रसाद गौतम
पद: प्रमुख प्रशासकीय अधिकृत
मिति: २०८१/06/29